## बैठक नं २७

मितिः २०८३।०३।०५ गते, शुक्रबार, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटको कार्यालय सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन कर्मचारीको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता

श्री डिल्लीराज ज्ञवाली, सहायक जिल्ला न्यायाधिवक्ता

श्री गोविन्द वि.क., नायव सुब्बा

श्री गणेशबहादुर घर्ती, नायव सुब्बा

श्री सुमन भण्डारी, सहायक कम्प्युटर अपरेटर

श्री मिमबहादुर शाही, खरिदार

श्री उमेश चन्द, हलुका सवारी चालक

श्री मानबहादुर वली, कार्यालय सहयोगी

श्री निरु खड्का, कार्यालय सहयोगी

श्री दिपक वली, कार्यालय सहयोगी

**छलफलका विषयहरू**

१) जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

२) मुद्दाको काम कारबाहीको र कार्यालयको समग्र सुधार सम्बन्धमा ।

निर्णय नं १) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा जिल्ला सरकारी वकील कार्यालय जाजरकोटको हालको जिन्सीको अवस्था, जिन्सी रेकर्ड अनुसार खर्च भएको नजाने सामान भए/नभएको, टुटफुट भएको, मर्मत गर्नुपर्ने, लिलाम र मिनाहा गर्नुपर्ने सम्बन्धमा विस्तृत प्रतिवेदन तयार गरी २०८३ असार २६ गते भित्र सहायक जिल्ला न्यायाधिवक्ता डिल्लीराज ज्ञवाली, नायव सुब्बा गोविन्द वि.क. र नायव सुब्बा गणेशबहादुर घर्तीले अन्य कर्मचारीहरुको समेत सहयोग लिई कार्यालय प्रमुख समक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं २) प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा समग्र कार्यालयको व्यवस्थापन, मुद्दा व्यवस्थापन, प्रशासन व्यवस्थापन, सूचना प्रविधि लगायत कार्यालयका शाखा र फाँटहरुको प्रभावकारी कार्य सम्पादन सम्बन्धमा सुधार गर्नुपर्ने विषयमा विस्तृत प्रतिवेदन

तयार गरी २०८३ असार २६ गते भित्र सहायक जिल्ला न्यायाधिवक्ता डिल्लीराज ज्ञवाली, नायव सुब्बा गोविन्द वि.क., नायव सुब्बा गणेशबहादुर घर्ति, सहायक कम्प्युटर सुमन भण्डारी र खरिदार मिमबहादुर शाहीले अन्य कर्मचारीहरुको समेत सहयोग लिई कार्यालय प्रमुख समक्ष पेश गर्ने निर्णय गरियो।

२०८३।३।१५